नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक १५५ २०८१ साल माघ ३ गते बिहीबार (16 Jan. 2025 Thursday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : कति सिकियो त भूकम्पले ... ३ पृष्ठमा : पूर्वतयारीका लागि सङ्कल्प ... ३ पृष्ठमा : महाभियोगपछि निलम्बित ...

# विपद न्युनिकरणमा राज्यले आफ्नो भूमिका गर्न सकेन : मन्त्री लेखी

**दैनिक समाचारदाता**
**जनकपुर, २ माघ ।**

देशै भरि बुधवार २७ औं भूकम्प सुरक्षा दिवस विभिन्न कार्यक्रम गरि मनाइएको छ । सोही क्रममा मधेस प्रदेशका गृह संचार तथा कानून मन्त्रालयले पनि उक्त दिवसको अवसर पारेर जनकपुरमा कार्यक्रमको आयोजना गरेको हो ।



भुकम्प सुरक्षा दिवस कार्यक्रमलाई सम्बोधन गर्दै गृह संचार तथा कानून मन्त्री राजकुमार लेखीले प्राकृतिक विपदका घटनाहरु न्युनकिरणमा राज्यका निकायहरुले भूमिका निर्वाह गर्न नसकेको बताएका छन् ।

मन्त्री लेखी विपदका घटनाहरु कसैले रोकेर नरोकिने बताउँदै त्यसलाई न्युनीकरण गर्न सकिने बताए । उनले भने, “यसकालागि राज्यका निकायहरु तथा संचारमाध्यमले भूमिका निर्वाह गर्नु आवश्यक छ, यद्यपि राज्यका निकायका साथै संचारमाध्यमहरु समेत त्यस तर्फ गम्भिर भएनन् ।”

जनकपुरधामस्थित महेन्द्र नारायण निधि संग्रहालयमा आयोजना गरिएको भूकम्प सुरक्षा प्रदर्शनी अघि प्रभातफेरी कार्यक्रम गरिएको थियो । मधेस भवनबाट निस्किएको प्रभातफेरी नगर परिक्रमा गर्दै महेन्द्रनारायण निधि संग्रहालयसम्म पुगेको थियो ।

वि.सं १९९० माघ २ गते गएको विनाशकारी भूकम्पबाट पाठ सिकेर सुरक्षित आवास निर्माण र सम्भावित भूकम्पीय जोखिम न्यूनीकरणबारे सामाजिक सचेतना अभिवृद्धि गर्न हेतु हरेक वर्ष भूकम्प सुरक्षा दिवस मनाइँदै आएको छ ।

# सभापति लामिछानेलाई साठी लाख धरौटीमा रिहा गर्न आदेश

काठमाडौं, २ माघ (रासस) ।

जिल्ला अदालत काठमाडौंले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई सहकारी ठगी प्रकरणमा रु ६० लाख धरौटीमा रिहा गर्न आदेश दिएको छ । न्यायाधीश माधवप्रसाद अधिकारीको इजलासले उक्त आदेश गरेको हो ।

गोरखा मिडिया नेटवर्कमा कानुनविपरीत स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाबाट रु पाँच करोड ७८ लाख ९८ हजार चार सय ८० लगेको प्रहरीको अनुसन्धानमा उल्लेख थियो ।

सभापति लामिछानेविरुद्ध रु पाँच करोड ७८ लाख ९८ हजार चार सय ८० बिगो माग दाबी गरिएको थियो ।

सभापति लामिछानेकोतर्फबाट वरिष्ठ अधिवक्ता सुशील पन्त र रमण श्रेष्ठले बहस गर्नुभएको थियो । बचतकर्ता (जाहेरवाला) को तर्फबाट जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख रामहरि शर्मा काफ्ले, जिल्ला न्यायाधिवक्ता खडिन्द्रराज कटुवाल र सहायक न्यायाधिवक्ता गणेशकुमार शर्माले जवाफी बहस गर्नुभएको थियो । पीडितकोतर्फबाट वरिष्ठ अधिवक्ता डा सुरेन्द्र भण्डारी र डा दिनेश त्रिपाठी बहस गर्नुभएको थियो ।

# सबै प्रदेशमा आपत्कालीन गोदामघर हस्तान्तणको तयारी छ : गृहमन्त्री लेखक

काठमाडौं, २ माघ (रासस) ।

गृहमन्त्री रमेश लेखकले मुलुकमा विगतको तुलनामा विपद् प्रतिकार्यमा आफ्नो क्षमता विकासमा प्रगति गरिरहेको बताउनुभएको छ ।

कीर्तिपुरमा बुधबार आयोजित २७औं भूकम्प सुरक्षा दिवसका अवसरमा आयोजित कार्यक्रममा गृहमन्त्री लेखकले खोज, उद्धार तथा राहतका क्षेत्रमा प्रशिक्षक र तालिमप्राप्त उद्धारकर्मी तयार भएको जानकारी दिँदै सुरक्षा निकाय र प्रतिकार्यमा क्रियाशील संस्थाको व्यवस्थित परिचालन गर्न आवश्यक व्यवस्था गरिएको बताउनुभयो । उहाँले विपद्को समयमा अत्यावश्यक सामग्रीको भण्डारणलाई प्रभावकारी बनाउन आपतकालीन गोदामघर सञ्चालनसम्बन्धी कार्यविधि निर्माण गरी सबै प्रदेशमा आपतकालीन गोदामघर हस्तान्तरण गर्ने तयारी भइरहेको बताउनुभयो ।

“आगामी दिनमा भूकम्प प्रतिरोधी संरचना निर्माणको अभियानलाई थप प्रभावकारी बनाएर लगिनेछ”, गृहमन्त्री लेखकले भन्नुभयो, “सरकारी निकाय, निजी क्षेत्र र गैरसरकारी संस्थालगायत समुदायस्तरमा पूर्वतयारी, प्रतिकार्य र पुनःनिर्माण क्षमता अभिवृद्धि गर्ने कार्य गरिनेछ ।” सचेतना बढाउन परम्परागतसँगै नयाँ प्रविधिलाई अधिकतम

*बाँकी अन्तिम पृष्ठमा*

# वरिष्ठ अधिवक्ता त्रिपाठीमाथि आक्रमण प्रयास

**दैनिक समाचारदाता**
**काठमाडौं, २ माघ ।**

स्वर्णलक्ष्मी सहकारी ठगी प्रकरणमा रास्वपाका सभापति रवि लामिछानेको विपक्षमा बहस गरेका वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीमाथि आक्रमण प्रयास गरिएको छ ।



काठमाडौं जिल्ला अदालत परिसरमा अधिवक्ता त्रिपाठीमाथि रास्वपा कार्यकर्ताहरूले आक्रमण प्रयास गरेको हो ।

सहकारी पीडितको तर्फबाट बहस गरेर अदालतबाट बाहिर आउँदै गर्दा त्रिपाठीलाई लामिछानेका कार्यकर्ताले आक्रमणको प्रयास गरेका हुन् ।समर्थकले आक्रमण गर्न खोजेपछि प्रहरीले उनलाई सुरक्षा दिएको थियो ।

लामिछानेमाथि धुनछेक बहस भइरहँदा उनका समर्थकले भने अदालत परिसरमा हो-हल्लाका साथ नाराबाजी समेत गरेका थिए ।

अधिवक्ता त्रिपाठी माथि आक्रमणमा संलग्न एक जना पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

यसैबीच राष्ट्रिय स्वतन्त्र पार्टीले वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीमाथि जिल्ला अदालत काठमाडौं परिसरमा भएको हातपातमा पार्टीका कोही सदस्य संलग्न भएको पाइए कारबाही गरिने बताएका छन् ।

पार्टी कार्यवाहक प्रवक्ता मनिष झाका अनुसार उक्त विषयमा पार्टीको अनुशासन विभागको ध्यानाकर्षण भएको र सो घटनामा यदि दलको कुनै पनि सदस्यको संलग्नता भेटिएमा आवश्यक कारबाही हुनेछ । उनले यस किसिमको व्यवहार कानुनी शासन, सुदृढ राजनीतिक अभ्यास र न्याय प्रति विश्वास राख्ने राजनीतिक दलको लागि स्वीकार्य नहुने बताए ।

## मोटरसाइकल चोरी भएको सूचना

सप्तरी जिल्ला छिन्नमस्ता गाउँपालिका २ बस्ने संतोष रजकको छोरा बिजय कुमार रजकको नाममा दर्ता रहेको प्रदेश-२-०१-००३ प ९०९६ नं. को बजाज कम्पनीको पलसर मोटरसाइकल १५० सि.सि. इन्जिन नं. DHXRMF89007 च्यासिस नं. M02A11CX0MPF01058 नं. को कालो रंग भएको मोटरसाइकल २०८१/०५/०५ गते अन्दाजी ४ बजेको समयमा जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं. १२ सिंगियौनस्थित पुग्दा उक्त मोटरसाइकल सडक छेउमा पार्किङ गरी राखि नजिकै इट्टा उद्योगमा ईटा लिन जाँदा केही छिनपछि ईटा भट्टाबाट फर्कि आउँदाको क्रममा उक्त स्थानबाट चोरी भएको हुँदा फेला परेमा नजिकको प्रहरी चौकी वा तपसिलमा उल्लेखित ठेगानामा खबर गरिदिन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**
**नाम : बिजय कुमार रजक**
**ठेगाना : छिन्नमस्ता २, सप्तरी**
**सम्पर्क नं. : ९७०७०८१७०१**

**भूकम्पबाट जोगिन सचेत बनौं**

- भूकम्पको बेला जोगिने उपायहरूको पूर्वअभ्यास गरौं,
- भूकम्पबाट जोगिन पूर्वतयारी गरौं,
- आफ्नो घरको संरचना ख्याल गर्दै भूकम्प प्रतिरोधी बनाऔं,
- परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं,
- भूकम्प आउँदा सुरक्षित स्थानमा बसौं,
- आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार गरेर राखौं,

**भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### जिर्ण बन्दै गएको रंगशालाप्रति कहिलेसम्म उदासिनता ?

राजविराजस्थित राजरंगशाला पुनर्निमाणका लागि सम्बन्धित निकायले थोरै पनि गम्भिरता देखाउन सकेको छैन् । रंगशालाको पुनर्निमाणका लागि पटक-पटक बजेट कार्यान्वयन हुँदा पनि राजविराज नगरपालिकाको उदासिनताले पुर्ननिर्माणको कार्य अगाडी बढ्न सकेन् । गत वर्ष मधेश प्रदेश सरकारको २ करोड तथा संघीय सरकारको १ करोड ५० लाख रकम बिनियोजित हुँदा समेत राजविराज नगरपालिकाले कार्य अगाडी बढाउन सकेन् र अन्त्यमा बजेट फ्रिज हुन पुग्यो ।

जिल्ला खेलकुद विकास समितीको मातहतमा रहेको यस रंगशालाप्रति सो समिति पनि उदासिन रहेको छ । हाल यस रंगशाला खेलमैदान भन्दा पनि बढी गौचरणमा परिणत हुँदै शौच गर्ने थलो समेत भएको छ । त्यसबाहेक बिहानपख मर्निङ वाक गर्ने स्थान, दिउँसो गौचरण, साँझपख डेटिङ स्थल र राती शौच गर्नेमा प्रयोग भइरहेको छ । रंगशाला घेरिएको पर्खालदेखी दर्शक बस्ने प्यारािफट समेत जिर्ण भइसकेको छ । प्यारािफट जिर्ण भई कुनै पनि बेला दुर्घटना हुन सक्ने सम्भावना छ । हाल रंगशालाको पश्चिमपट्टी प्यारािफट निर्माणको कार्य भएको तर त्यो पनि अधुरै रहेको छ । तर, रंगशालाको स्तरोन्तरीका लागि पूर्ण रुपमा बजेट ल्याउन नसक्दा निर्माण भइरहेको प्यारािफट पनि बजेटकै अभावमा नबन्दै जिर्ण हुने सम्भावना पनि उत्तिकै रहेको छ ।

तसर्थ आर्थिक वर्षको अन्तमा टेन्डर निकालेर रकम सदुपयोग नगर्ने नियतीलाई अहिलेदेखी नै जिल्लाकाका राजनैतिक दल, बुद्धिजिवी, खेलाडी तथा सरोकारवाला निकायले खबरदारी गर्न जरुरी छ ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# कति सिकियो त भूकम्पले सिकाएको पाठ

**श्रीरामसिंह बस्नेत**

काठमाडौँ, २ माघ (रासस) ।

माघ २ गतेअर्थात् भूकम्प सुरक्षा दिवस । नेपालमा यो दिवस मनाउन थालिएको पनि २६ वर्ष पूरा भइसकेको छ । आजको दिन २०५५ सालमा पहिलोपटक भूकम्प सुरक्षा दिवस मनाउँदाको क्षण सम्झना हुन्छ । विगतको कुनै ठूलो भूकम्पलाई आधार मानेर वर्तमानमा जनचेतना र राज्यको सक्रियता बढाई भविष्यलाई सुरक्षित बनाउने यो अवधारणा नेपालका लागि मात्र हैन विश्वमै एउटा नयाँ प्रयोग थियो । त्यसैले यसबारे सरकार र सम्बन्धित पक्षलाई कुरो बुझाउन निकै कठिन भएको थियो । यसका लागि भूकम्प प्रविधि राष्ट्रिय समाज (एनसेट) र तत्कालीन गृह मन्त्रालयले निकै परिश्रम गरेका थिए । यो दिवस २०५५ साल देखि मनाउन थाले पनि यसका लागि प्रयास भने करिब तीन वर्षअघिदेखि नै चलेको थियो । यदि सुरुमै प्रयास सफल भएको भए आज २७ औं हैन ३० औं भूकम्प सुरक्षा दिवस मनाइरहिएको हुन्थ्यौं । यो अनौठो खालको दिवस उद्घाटन गरेर श्रीगणेशः गर्न पाएकामा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला निकै उत्साहित हुनुहुन्थ्यो ।

यो २६ वर्षको अवधिमा नेपालमा धेरै कम्प र परकम्पहरू आइसकेका छन् । त्यसैले अब भूकम्प कसैका लागि पनि 'दैवको लिला' रहेन । अन्त्र त केही वर्ष अघिसम्म पनि नेपालमा प्रकोपलाई दैवको दोष मान्ने चलन थियो । त्यसैले प्रकोपसम्बन्धी ऐनको नाम नै दैवी प्रकोप ऐन राखिएको थियो । तर अब पुराना सोच र शैलीमा केही परिवर्तन आई सकेको छ । भूकम्प सुरक्षा दिवस मनाउनुको सबैभन्दा ठूलो औचित्य र उपलब्धि भूकम्पीय सुरक्षाप्रति व्यापक जनचेतना जागृत गराउनु र सम्बन्धित निकायहरूलाई झक्झकाउनु हो ।

यो दिवसको पृष्ठभूमि १९९० माघ २ गतेको महाभूकम्पलाई मान्नुको कारण अहिलेसम्म नेपालमा आएका भूकम्पमध्ये सबैभन्दा बढी शक्तिशालीको भूकम्प भएको र यसको राजनीतिक, सामाजिक र आर्थिक प्रभाव व्यापक हुनु हो । कतिपयलाई ९० सालको भूकम्पको राजनीतिक प्रभाव के होला र ? भन्ने लाग्न सक्दछ । तर यथार्थ फरक छ । यो महाभूकम्प आउँदा नेपाल ८७ वर्षअघिदेखि जहानीया एकतन्त्री राणाशासनमा जकडिएको थियो, जसमा न त नागरिक अधिकार थियो न त नागरिकहरूलाई नै आफ्नो क्षमताबारे कुनै अन्दाज थियो । त्यतिखेर सबैजसो आफ्नै भाग्यलाई दोष दिंदै पशुतुल्य जीवन बिताइरहेको थिए । त्यस्तो अवस्थामा महाभूकम्पले यस्तो हलचल ल्याइदियो कि त्यसले जमिन मात्र हल्लाएन, जनताको सोच्ने र गर्ने शक्तिलाई समेत हल्लाएर ब्युँताइदियो ।

आपत्को अवस्थामा सङ्गठित भएर निःस्वार्थ भावले काम गरेमा जस्तोसुकै ठूलो काम पनि गर्न सकिंदो रहेछ भन्ने तत्व ज्ञान महाभूकम्पले ल्याएको विनाशपछि उद्धार र राहत कार्यमा अहोरात्र खटिएका नेपालीहरूले पहिलो पटक बुझे । साथै, भूकम्पपछि विचलित भएका जनमानसलाई सान्त्वना दिन प्रेरणादायी प्रवचनहरू पनि थालियो । मानिसहरू आपसमा सरसल्लाह, छलफल गर्ने गर्न थाले । नत्र त राणाका जासुसहरूले दुःख दिन्छन् भनेर भित्ताको पनि कान हुन्छ, बोल्न हुँदैन भनेर कुरा गर्नै डराउँथे । महाभूकम्प पछि उत्पन्न जटिल परिस्थितिले त्यो डर भगाइदियो । उद्धार र राहत कार्यमा खटिएका विशेष गरी युवकहरूले आफ्नो शक्तिलाई बुझे जसले गर्दा उनीहरूलाई विस्तारै सङ्गठित हुन सजिलो बनायो । त्यो सङ्गठित भावनाले गोप्यरुपमा राजनीतिक र खुलारुपमा सामाजिक सङ्गठनहरू स्थापना गर्न हौसला दियो ।

स्मरण रहोस् राणाकालमा जति पनि राजनीतिक र सामाजिक सङ्घसंस्था, सङ्गठन स्थापना भए ती सबैजसो महाभूकम्पपछि मात्र स्थापना भएको इतिहास छ । नेपालका चार महान वास्तविक शहीद दशरथ चन्द, शुक्रराज शास्त्री, धर्मभक्त माथेमा र गङ्गालाल श्रेष्ठ महाभूकम्पकै उपज हुन् । महाभूकम्पको सामाजिक र आर्थिक प्रभावबारे त सर्वविदितै छ । भूकम्प सुरक्षा दिवस मनाउने प्रचलन सुरु नहुँदासम्म पुराना पुस्ताका नेपालीका लागि ९० साल माघ २ गते एउटा बिर्सनै नसकिने घटनामा सीमित थियो भने नयाँ पुस्ताका लागि त्यो भूकम्प कुनै दन्त्यकथाजस्तो मात्र थियो । किनकि त्यसबाट कुनै पाठ सिकेर समुदायलाई भूकम्पीय सुरक्षातर्फ क्रियाशील बनाउने काम न त कुनै राज्यस्तरबाट भएको थियो न जनस्तरबाट । सबै भगवान भरोसामा थिए । २०५५ साल माघ २ गतेदेखि सार्वजनिक रुपमै भूकम्प सुरक्षा दिवस मनाउन थालिएपछि सबैको ध्यान भूकम्पप्रति आकृष्ट भयो र भूकम्प घरघरको र टोलटोलको चर्चाको विषय बन्यो ।

हरेक वर्ष मनाइने भूकम्प सुरक्षा दिवसले एउटा नारा बोकेको हुन्छ । यस पटकको नारा 'भूकम्पले सिकाएको पाठ : बलियो संरचना र सुदृढ पूर्वतयारीका साथ' भन्ने छ । अहिलेसम्म देश र विदेशमा गएका भूकम्पहरूले सिकाएको एउटै पाठ के हो भने भूकम्प आफैंले मान्छे मार्दैन, तर भूकम्पले भत्काएका कमजोर संरचनाहरूले मान्छे मार्छ भन्ने नै हो□फ्स । तसर्थ, हरेक संरचना बलियो बनाउनु पहिलो काम हो । तर हामी कहाँ अझै पनि किफायतको नाममा, कानुन मिचे ठूलो मानिन्छ बनिन्छ भन्ने भ्रममा, मुनाफा बढी कमाउने लालचमा सार्वजनिक निर्माण कम गुणस्तरको बनाउनेलगायत धेरै कारणहरूले संरचना जति बलियो बनाइनु पर्ने हो त्यसो हुन सकिरहेको छैन । भवन निर्माण संहिताको अक्षरशः कार्यान्वयन अझैसम्म पूर्ण सन्तोषजनक हुन नसक्नु कम चिन्ताको विषय होइन । यसमा कतिपय नीतिगत कमीकमजोरी पनि छन् भने कतिपय नियतगत् । ठेक्का प्रथााबाट निर्माण गरिने संरचनाहरू सार्बजनिक खरिद ऐनअनुरुप हुनुपर्ने र उक्त ऐनले कामको गुणस्तरलाई नभई न्यूनतम् मूल्यलाई मात्र प्राथमिकता दिने भएकाले पनि कतिपय ठूला, साना संरचनाहरू जति बलियोसँग निर्माण हुनुपर्ने हो त्यो नभएको पाइने गरेको छ ।

बलियो संरचनाको सन्दर्भमा अर्को महत्वपूर्ण पाटो हो प्रबलीकरण अर्थात् रेट्रोफिट । नयाँ संरचना निर्माणको प्रारम्भदेखि नै तोकिएको मापदण्डअनुसार निर्माण गरेर संरचनालाई बलियो बनाउनुपर्छ भने पहिले नै बनिसकेका संरचनाहरूलाई प्रबलीकरण प्रविधिको माध्यमबाट बलियो बनाउन सकिन्छ । प्रबलीकरण कति भरपर्दो प्रविधि हो भन्ने तथ्यलाई २०७२ वैशाखको गोरखा भूकम्पले स्पष्टसँग प्रमाणित गरिसकेको छ । त्यो भूकम्प आउनुभन्दा केही वर्ष अगावै प्रबलीकरण गरिएका विशेष गरी केही सरकारी विद्यालय भवनहरूलाई गोरखा भूकम्पले क्षति नगरेको तर प्रबलीकरण नगरिएका विद्यालय भवनहरू भने धेरै भग्नावशेषमा परिणत भएका उदाहरण हामीसँग छन् । तसर्थ नयाँ निर्माण गरिने संरचना मात्र हैन पुराना संरचनाहरूलाई बेलैमा प्रबलीकरण गरी सुरक्षित पार्नु पनि त्यति नै जरुरी छ । यो सत्यलाई मनन् गर्दै नेपालमा पनि प्रबलीकरणका केही कामहरू उत्साहजनक रुपमा भएका छन्, कतै हुँदैछन् । जस्तै सबौच्च अदालत भवन, त्रिचन्द्र कलेजको पहिलो भवन आदि । नेपालका विभिन्न स्थानमा रहेका सरकारी, संस्थागत, निजी संरचनाहरू कतिपय ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्व बोकेका सम्पदाहरू छन्, जो जोखिमको अवस्थामा छन् । तिनलाई क्रमैसँग प्रबलीकरण गर्नु गराउनु राज्यको दायित्व हो । सबै संरचनाको प्रबलीकरण एकै आर्थिक वर्षभित्र गर्न सम्भव नहोला । तर चरणबद्ध रुपमा त्यस्ता महत्वपूर्ण पुराना संरचनाहरूलाई प्रबलीकरण गर्ने नीति, कार्ययोजना र कार्यक्रम राज्यसँग हुनु अपरिहार्य छ । प्रबलीकरणका लागि अहिले दश लाख रुपैयाँ खर्च गर्न गाह्रो मान्दा वा अलमल गर्दा भोलि कुनै पनि बेला दश करोडको क्षति हुनसक्ने सम्भावना अत्यधिक हुन्छ । स्पष्ट भूमिका र औचित्य नदेखिएको भनी आलोचना खेपिरहेको प्रत्येक प्रदेश सरकारले आफ्नो प्रदेशभित्रका पुराना महत्वपूर्ण संरचनाहरूको प्राविधिक अध्ययन गराई तिनलाई क्रमैसँग प्रबलीकरण गराएका प्रदेशका लागि मात्र हैन, देशकै लागि ठूलो योगदान हुनेछ । प्रबलीकरण प्रारम्भ गरिहाल्न नसके पनि अहिले त्यस्ता संरचनाहरूको प्राविधिक अध्ययन गराएर आगामी आर्थिक वर्षको योजनामा पारी प्रबलीकरण कार्यान्वयन गर्न सकिएमा ठूलो उपलब्धि हुनेछ । यो काम गर्न प्रदेश सरकारलाई कुनै ऐन, कानुन र अधिकारको अभावले छेक्दैन, इच्छा शक्तिकै अभाव छ भने बेग्लै कुरा हो ।

प्रश्न भूकम्पको मात्र हैन । बाढी, पहिरो, आगलागी, लू, शीललहर, चटचाङ, हिमपहिरो आदि अनेकौं विपद् हामीले ऋतुअनुसार नियमित रुपमा भोग्नुपर्ने नियति बनेका छन्, जसलाई टार्न सकिदैन तर ती विपद्बाट जनधनलाई धेरै हदमा जोगाउन भने सकिन्छ । तर कसरी ? मूल प्रश्न र चुनौती यही नै छ । यसको समाधानको एकमात्र उपाय आजको नाराले बोकेको छ अर्थात् सुदृढ पूर्वतयारीका साथ । दर्जनौं रोगको एउटै अचुक औषधि भने जस्तै सबैखाले विपद्बाट जोगिने एउटै उपाय सुदृढ पूर्वतयारी नै हो । तर बिडम्बना हामी त्यसैमा कमजोर छौं । हरेक पटकको विपद्ले पूर्वतयारीमै कमजोर रहेको भनेर हामीलाई धिक्कारी रहे झैं प्रतीत हुन्छ । विपद्को पीडा कस्तो हुन्छ भन्ने अनुभूति विपद् भोगेको वास्तविक पीडितलाई मात्र थाहा हुन्छ, निरीक्षण गर्न गएकाहरूलाई हुँदैनर स । तसर्थ, सुदृढ पूर्वतयारी विश्वसनीय नभएसम्म विपद्को पीडाबाट जोगिन सकिएला भनेर ढुक्क हुन सकिदैन ।

सुदृढ पूर्वतयारीका लागि सबैभन्दा प्रभावकारी र अपरिहार्य माध्यम भनेको स्थानीय निकाय नै हुन् । तर निकाय भएर मात्र हुँदैन, ती निकाय जनशक्ति र साधन स्रोत सम्पन्न हुनु पनि अपरिहार्य छ । कुनै पनि विपद्मा पहिलो मद्दतदाता ( फस्ट रेस्पोन्डर) छिमेकी वा स्थानीय व्यक्ति नै हुन्छन् । त्यसैले स्थानीय निकायले हर घर परिवारलाई विपद्सँग पहिलो सामना गर्न सक्ने क्षमतावान बनाउनु पर्दछ । यसमा मुख्य तीन पक्ष पर्दछन्-पहिलो ठाउँको प्रकृतिअनुसार आउन सक्ने हरेक किसिमका विपद्सँग पहिलो सामना गर्न सक्ने ज्ञान भएको जनशक्ति, जस्तै छिमेकको घरमा आगलागी भयो भने नजिकका छिमेकीहरूले के गर्ने, के

***बाँकी तीन पृष्ठमा***


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**

**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

# पूर्वतयारीका लागि सङ्कल्प जरुरी

**प्रगति ढकाल**
काठमाडौँ, २ माघ (रासस)।

विसं १९९० को विनाशकारी भूकम्पको त्रास बेहोर्नेहरु अहिले निकै कम सङ्ख्यामा हुनुहुन्छ। तत्कालीन भूकम्पको त्रासदीपूर्ण अनुभव सङ्गालेकाहरु कम भए पनि अहिलेको पुस्ताले २०७२ सालको त्यस्तै प्रकारको अनुभव बेहोरेको छ। त्यति मात्रै होइन, केही दिन अघि तिब्बतमा केन्द्रविन्दु भएको भूकम्पले काठमाडौँलगायतका क्षेत्रको जमिन हल्लाउँदा त्यसले नौ वर्षअघिको भूकम्पको सम्झना दिलाएको छ।

विसं १९९० माघ २ गतेका दिउँसो २:२४ बजेको भूकम्पको स्मृतिमा नेपाल सरकार, गृह मन्त्रालयको संयोजकत्वमा २०५५ सालदेखि हरेक वर्ष सोही दिनलाई भूकम्प सुरक्षा दिवसका रुपमा मनाइँदै आइएको छ। भूकम्प सुरक्षा दिवसलाई देशव्यापी रुपमा एकरुपता कायम हुने गरी व्यवस्थित, प्रभावकारी तुल्याउन भूकम्प सुरक्षा दिवस मार्गदर्शन २०७१ तर्जुमा समेत भएको छ।

"भूकम्पले सिकाएको पाठ, बलियो संरचना र सुदृढ पूर्वतयारीका साथ भन्ने मूल नाराका साथ देशव्यापी रुपमा विविध कार्यक्रमहरु सञ्चालन गरी २७औँ भूकम्प सुरक्षा दिवस देशैभर मनाउने कार्यक्रम रहेको सहरी विकास तथा भवन निर्माण विभागले जानकारी दिएको छ।

विभागका महानिर्देशक मचाकाजी महर्जनले भूकम्पबाट सुरक्षित रहन सुदृढ पूर्वतयारी गर्नुपर्ने र हाम्रा घर संरचनाहरु पनि बलियो बनाउनुपर्ने भूकम्पको मुख्य पाठ रहेको बताउनुभयो। "विगतका भूकम्पबाट सिकेको पाठ भूकम्पीय जोखिम न्यूनीकरण गर्नुपर्छ भन्ने हो", उहाँले भन्नुभयो, "यसका लागि हामीले बनाउने संरचनाहरु भूकम्प प्रतिरोधि हुनैपर्छ। यस दिवस भूकम्पको सम्भावित जोखिमबाट कसरी बच्न सकिन्छ भन्ने विषयमा व्यापक जनचेतना अभिबृद्धि गराउने, विगतमा भएका प्रयासका मूल्याङ्न गर्दै, हाम्रा कमीकमजोरीलाई पनि सुधार गर्ने लक्ष्यका साथ आइरहेका छौं।"

भूकम्पको जोखिम न्यूनीकरणका लागि व्यापक प्रचारप्रसार गरी जनचेतना अभिबृद्धि गर्न सबै सरोकार निकायदेखि सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण रहेको भन्दै यससम्बन्धी प्रचारप्रसार आवश्यक भएकोमा उहाँको जोड छ।

"भूकम्पीय जोखिम न्यूनीकरण गर्न सुरक्षित भवन निर्माण गर्नुपर्ने र यसका लागि नेपाल सरकारले जारी गरेको राष्ट्रिय भवन संहिता पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्छ", उहाँले भन्नुभयो, "भूकम्प पश्चात्को सम्भाव्य अवस्थालाई पूर्वआकलन गरी प्रभावकारी र द्रुत खोज तथा उद्धार, सीपयुक्त र तालिम प्राप्त उद्धारक एवम् तत्काल राहतको आवश्यकतालाई समेत तयारी अवस्थामा राख्नु पनि उत्तिकै जरुरी छ।"

भवन संहिता कार्यान्वयनका लागि नीतिगत व्यवस्था, नीतिगत जनचेतना तथा अभिमुखीकरण, क्षमता अभिवृद्धि, प्राविधिक कार्य, अध्ययन तथा अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन, समन्वय तथा सहकार्य जस्ता क्षेत्रहरुमा आवश्यक कार्यहरु निरन्तर रुपमा भइरहेको महर्जनले बताउनुभयो। विगतका भूकम्पबाट पाठ सिकेर भवनको नक्सा डिजाइन गर्न आवश्यक पर्ने भार र डिजाइन गर्ने विधिसहितको भवन निर्माण संहिता अद्यावधिक गरी लागू गरिएको उहाँको भनाइ छ।

खानी तथा भू-गर्भ विभागअन्तर्गत राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका वरिष्ठ भूकम्पविद् डा लोकविजय अधिकारीले भूकम्प गएमा के गर्ने ? के नगर्ने विपद्मा कसरी संयमता अपनाउने ? सुरक्षित हुने तरिकाहरु के हुन्छ ? लगायत विषयमा सचेतना बढाउन सकेमा आगामी दिनमा भूकम्पीय क्षति कम गर्न सकिने बताउनुहुन्छ। सम्भावित धनजनको क्षति न्यूनीकरणका लागि पूर्वतयारी र पूर्वसूचना प्रणालीको विकासलाई प्राथमिकता दिनुपर्ने उहाँको जोड छ।

**पूर्वतयारीको अभाव**

पूर्वतयारीको अभावमा जाजरकोट भूकम्पपीडितले अझै पनि पूर्णरुपमा राहत नपाएको अवस्था छ। पूर्वतयारी नहुँदा भूकम्पपछि सर्वसाधरणले दुःख पाउने गरेको विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीको भनाइ छ। "अहिलेसम्म कतिपय भूकम्पपीडितले राहत पाउन नसक्दा उनीहरु अस्थायी आवासमै कष्टपूर्ण रुपमा बस्नु परेको छ", उहाँले भन्नुभयो।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (एनडिआरआरएमए) जाजरकोटको भूकम्पबाट प्रभावित भइ पुनःनिर्माण गर्नुपर्ने निजी आवासको सङ्ख्या ९५ हजार सातसय ८७ छ। भूकम्प, बाढीपहिरो जस्ता प्राकृतिक विपद्बाट क्षति पुगेका विभिन्न संरचनाहरुको पुनःनिर्माण तथा पुनःस्थापना योजनाको योजना कार्यान्वयनका लागि रु एक खर्ब एक अर्ब १२ करोड लागत लाग्ने अनुमान गरिएको छ।

**भूकम्प प्रतिरोधी संरचनामा जोड**

भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालका निमित्त कार्यकारी निर्देशक डा रमेश गुरागाईले नयाँ बन्ने संरचनाहरु भूकम्प प्रतिरोधि बनाउन आवश्यक रहेकोमा जोड दिनुहुन्छ।

"हामीले भूकम्प प्रतिरोधी संरचना बनाउन सकिरहेका छैनौं, सबै स्थानीय तहमध्ये भवन निर्माण संहिता ५० वटा स्थानीय तहमा मात्रै कार्यान्वयन भएको छ," उहाँले भन्नुभयो, "भूकम्प कहिले र कहाँ जान्छ भनेर भविष्यवाणी नै गर्न त सकिदैन। तर भूकम्पबाट बच्ने मुख्य उपाय स्वरुप पूर्वतयारी गर्न सकिन्छ। यो भनेको भूकम्प प्रतिरोधी संरचना बनाउने, बनिसकेका संरचनाहरुलाई सुधार गर्ने र अन्य पूर्वतयारीका गतिविधि नै हो।"

भूकम्पबाट हुने क्षति न्यूनीकरणका लागि राष्ट्रिय सङ्कल्प आवश्यक भएको उहाँको भनाइ छ। "राज्य तथा अन्य सरोकारवाला निकायबाट व्यापक जनचेता अभिबृद्धिका साथै विपद्पछिको प्रतिकार्यसम्बन्धि योजना र कार्यान्वयनका लागि तयार हुनुपर्छ", उहाँले भन्नुभयो, "यसका साथै व्यक्ति आफैले पनि भूकम्पबाट सुरक्षित हुन आफ्नो तर्फबाट तयारी हुनुपर्छ। कसरी संयमता अपनाउने, आफ्नो घर भूकम्प प्रतिरोधि छ कि छैन ? लगायतका विषयमा सचेत हुनुपर्छ।"

इञ्जिनियर अमितप्रसाद तिमल्सेनाले भूकम्पमैत्री संरचना निर्माणका लागि भवन निर्माण संहिताको कडाइका साथ कार्यान्वयन गराउनुपर्ने आवश्यकता औँल्याउनुभयो। "अधिकांश घर र संरचना निर्माणमा मापदण्ड पालना भएको छैन, भवन निर्माण संहिता कार्यान्वयन भए नभएको विषयमा राज्यले अनुगमनलाई कडाइका साथ अगाडि बढाउनुपर्छ", उहाँले भन्नुभयो।

**लाभग्राहीसँगको सम्झौता सुरु गरी पुनःनिर्माण थालनी**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सह-सचिव डा भीष्मकुमार भुसालले बुधबारदेखि लाभग्राहीसँग सम्झौता प्रक्रिया प्रारम्भ गरी पुनःनिर्माण थालनी हुने जानकारी दिनुभएको छ।

गत आइतबार बसेको विपद् राष्ट्रिय परिषद्को १६औँ बैठकले भूकम्प र मनसुनजन्य विपद्पश्चात्को पुनःनिर्माण तथा पुनःस्थापनाका लागि योजना स्वीकृत गरेको प्राधिकरणले जानकारी दिएको छ। बैठकले योजनाबमोजिमका क्रियाकलापको कार्यान्वयनका लागि स्रोत व्यवस्थापन गर्न अर्थ मन्त्रालयलाई सम्बन्धित मन्त्रालय, प्रदेश र स्थानीय तहले आग्रह गर्ने तथा मन्त्रालयले सम्बन्धित निकायलाई यथाशीघ्र निकासा दिने गरी प्रबन्ध गर्न निर्देशन दिएको प्राधिकरणले जानकारी दिएको छ।

## *कति सिकियो ...*

नगर्ने ?, दोस्रो पक्ष आधारभूत प्राविधिक सीप भएका स्वयंसेवकहरू, जस्तै नदी वा पोखरीमा डुबेको मानिसलाई बचाउन सक्ने, कृत्रिम श्वासप्रश्वास दिन सक्ने आदि दक्षता भएका। तेस्रो आधारभूत साधन स्रोत, जस्तै आपत्कालीन औषधि, घाइते बोक्ने स्ट्रेचर, ह्विलचियर, साबेल, पिक, डोरी, सवारीसाधन आदि। प्रत्येक स्थानीय निकायले वडा स्तरमा र वडामार्फत टोल टोल र गाउँघर, परिवारसम्म पुऱ्याउनु पर्दछ। यति तीन पक्ष पूरा गर्न कुनै ठूलो आकारको बजेट एकैपटक आवश्यक पर्दैन। चरणवद्ध रुपमा क्रमशः पूरा गर्दै लान सकिन्छ, निरन्तर कार्यक्रमका रुपमा। यसका लागि दुई कुरा मात्र आवश्यक छन्– स्थानीय तहका प्रत्येक जनप्रतिनिधिहरूमा इमान्दारी र इच्छा शक्ति। यी दुई कुराको अभाव छैन भने स्थानीय स्तरलाई सुदृढ पूर्वतयारीको विश्वसनीय आधारका रुपमा विकसित गर्न सकिन्छ, जो नेपाल जस्तो बहुविपद्को जोखिम भएको मुलुकका लागि अपरिहार्य हुन्छ।

अरु मुलुकहरूमा जस्तै नेपालमा पनि मितिअनुसार पूर्व निर्धारित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरू मनाइन्छ। औपचारिक कार्यक्रममा तामझाम गरेर दिवस मनाउनु एउटा कुरा हो तर दिवसको उद्देश्यअनुसार कुनै ठोस काम गरेर त्यो एक दिनका लागि मात्र हैन दिगो प्रभाव पार्न सकियो भने मात्र कुनै पनि दिवस मनाउनुको सार्थकता रहन्छ र यो अलि बेग्लै कुरा हो। आमसञ्चार माध्यमहरूलाई मात्र केही बेर काम लाग्ने, आमजनमानसलाई कुनै लाभ नहुने गरी दिवस मनाउने हो भने हामी जति यात्रा गरे पनि जहाँको त्यहीं रहेको स्थुल प्राणी जस्तो हुनेछौं। तसर्थ, हरेक दिवस मनाउँदा अघिल्लो वर्षको दिवस मनाउँदाभन्दा यति कदम अगाडि बढन सफल भइयो भन्ने आत्मसन्तोषको स्पष्ट अनुभूति पाउन सक्नुपर्दछ। अर्को माघ २ गते २८ औं भूकम्प सुरक्षा दिवस मनाउँदा त्यस्तो अनुभूति अनुभव हुने गरी हामी सबैले काम गरौं।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### महाभियोगपछि निलम्बित दक्षिण कोरियाका राष्ट्रपति पक्राउ

सियोल, २ माघ (रासस/एएफपी)।

अनुसन्धानकर्ताहरुले महाभियोगपछि निलम्बित दक्षिण कोरियाली राष्ट्रपति युन सुक योललाई सरकारविरुद्ध विद्रोह भड्काएको आरोपमा बुधबार पक्राउ गरेको सीएनएनले जनाएको छ। "संयुक्त अनुसन्धान मुख्यालयले राष्ट्रपति युनलाई बुधबार बिहान १०:३३ बजे पक्राउ गरेको हो," अल जजिराले बुधबार जारी गरेको विज्ञप्तिमा भनिएको छ। यदि उहाँमाथिको आरोप प्रमाणित भएमा दक्षिण कोरियाको संविधानअनुसार युनलाई मृत्युदण्ड वा आजीवन कारावासको सजाय हुन सक्छ। सीएनएनका अनुसार हप्तौँदेखि प्रहरीले उहाँलाई गिरफ्तार गर्न खोजीरहेको भएपनि राष्ट्रपतिको सुरक्षार्थ खटिएका सेनाको टोलीले उनको निवासको सुरक्षा गरिरहेको र उहाँलाई पक्राउ गर्न अवरोध सिर्जना गरिरहेको थियो।

अल जजिराका अनुसार पक्राउ पर्नुअघि रेकर्ड गरिएको एक भिडियो सन्देशमा युनले सैनिक शासन लागू गर्न असफल भएको भन्दै सुनुवाईका लागि जाने बताउनुभएको थियो। "मैले भ्रष्टाचार अनुसन्धान कार्यालयलाई जवाफ दिने निर्णय गरें", युनलाई उद्धृत गर्दै अल जजिराले लेखेको छ, "उहाँले अनुसन्धानको वैधानिकता स्वीकार गर्नुभएको थिएन तर 'कुनै पनि दुर्भाग्यपूर्ण रक्तपात रोक्न' अनुसन्धानमा सहभागी हुनेछ।"

अल जजिराका अनुसार समर्थकसहित सयौं मानिस युनको घर बाहिर भेला भएका थिए भने सत्तारुढ कन्जरभेटिभ पार्टी पिपुल पावर पार्टीका सांसद र युनका वकिलको एक समूहले पनि आवासीय परिसरभित्र गिरफ्तारी रोक्न प्रयास गरेका थिए। सिएनएनका अनुसार प्रहरी र रक्षा मन्त्रालयसँग मिलेर अनुसन्धान गरिरहेको भ्रष्टाचार अनुसन्धान कार्यालय (सीआईओ) ले पहिलो पटक यसै महिनाको सुरुमा उहाँलाई पक्राउ गर्ने प्रयास गरेको थियो तर सैनिक र राष्ट्रपतिको सुरक्षासदस्यहरूले ८० जना प्रहरी र अनुसन्धानकर्ताहरूलाई राष्ट्रपति भवनसम्म पुग्नबाट रोकेपछि यो असफल भएको थियो।

भ्रष्टाचार अनुसन्धान कार्यालयले उहाँलाई बढीमा ४८ घण्टा थुनामा राख्न सक्छ। अल जजिराका अनुसार राष्ट्रपतिलाई हिरासतमा राख्न वारेन्टका लागि निवेदन दिने वा नदिने भन्ने विषयमा उनीहरुले निर्णय गर्नुपर्ने हुन्छ। दक्षिण कोरियाको एक अदालतले हालैका हप्ताहरूमा अनुसन्धानकर्ताहरूले सहयोगका लागि अनुरोध गरेको तीन पटकसम्म पेश गर्न असफल भएपछि उहाँविरूद्ध पक्राउ पुर्जी जारी गरेको भ्रष्टाचार अनुसन्धान कार्यालयले जनाएको छ। यसअघि गत वर्ष डिसेम्बर १४ मा युनलाई राष्ट्रिय सभाले देशमा सैनिक शासन लागू गर्ने प्रयास गरेको भन्दै महाभियोग लगाएको थियो। दक्षिण कोरियाली राष्ट्रपतिविरुद्ध महाभियोग लगाउने पक्षमा २०४ मतका विरूद्ध ८५ मत दिएका थिए। महाभियोग लगाएपछि युनलाई पदबाट निलम्बित गरिएको थियो।

### चोरी भएको अर्बौंको सम्पत्ति फिर्ता गर्न माग

ढाका, २ माघ (रासस/एएफपी)।

बङ्गलादेशका अन्तरिम नेता मोहम्मद युनुसले गत वर्ष क्रान्तिबाट अपदस्थ शेख हसिनाको अपदस्थ सरकारको पालामा भएको भ्रष्टाचारको परिमाणको निन्दा गर्दै चोरी भएको सम्पत्ति फिर्ता गर्न माग गर्नुभएको छ। सन् २०२४ को अगष्टमा भएको क्रान्तिबाट भागेर छिमेकी मुलुक भारत पुगेकी ७७ वर्षीया हसिनाले सामूहिक हत्यालगायतका आरोपको सामना गर्न बङ्गलादेशको सुपुर्दगीका लागि गरिएको अनुरोधलाई अस्वीकार गर्नुभएको छ।

युनुसले भन्नुभयो, "अर्बौं डलरको सार्वजनिक कोष चोरीका कारण बङ्गलादेशले ठूलो आर्थिक घाटा बेहोर्नुपरेको छ। चोरी भएको रकम त्यहाँका जनताको हो। न्याय सुनिश्चित गर्न हामी हाम्रा अन्तर्राष्ट्रिय साझेदारहरुसँग सहकार्य जारी राख्नेछौं। युनुसले आफूले 'सम्पत्ति फिर्ता हुने' अपेक्षा गरेको बताउँदै चोरी भएको रकमलाई देश र जनताको लुटिएको सम्पत्ति हो भन्नुभएको छ। उहाँले यो बङ्गलादेशका जनतालाई लुटेको मात्र नभई आर्थिक स्थायित्वतर्फको देशको प्रगतिमा धोखा भएको बताउनुभयो। बङ्गलादेशको भ्रष्टाचारविरोधी आयोग (एसिसी) ले हसिना र उहाँकी भतिजी, बेलायती सांसद तथा भ्रष्टाचार विरोधी मन्त्री ट्युलिप सिद्दिकसहित उहाँका परिवारका सदस्यमाथि अनुसन्धान गरिरहेको छ। सिद्दिकले मङ्गलबार आफ्नो पदबाट राजीनामा दिए पनि आफूले केही गलत नगरेको भन्दै आफ्नविरूद्धको आरोपको खण्डन गर्नुभएको थियो। एसीसीले हसिनाको परिवारमाथि गरेको अनुसन्धान रूसको आर्थिक सहयोगमा सञ्चालित आणविक ऊर्जा प्लान्टसँग जोडिएको पाँच अर्ब अमेरिकी डलरको अनियमितता र राजधानी ढाकाको एक उपनगरमा आकर्षक प्लटको कथित जग्गा हडप्नेसँग योजनासँग जोडिएको छ।

ब्रिटिस सन्डे टाइम्सको अनुसन्धानले सिद्दिकले दुई बङ्गलादेशी व्यवसायीसँग जोडिएको अफशोर कम्पनीले किनेको लण्डनको फ्ल्याटमा वर्षौं बिताएको दाबीबारे विस्तृत विवरण सार्वजनिक गरेको थियो। उक्त फ्ल्याट हसिना, उहाँको परिवार र उहाँको अपदस्थ सरकारसँग सम्बन्ध भएका एक बङ्गलादेशी वकिललाई उपहारस्वरुप हस्तान्तरण गरिएको थियो। सिद्दिक र उहाँको परिवारलाई हसिनाको अवामी लिग पार्टीका सदस्य वा सहयोगीहरूले किनेको लण्डनका अन्य धुप्रै सम्पत्तिहरू दिइएको वा प्रयोग गरिएको पनि बताइएको छ। "ट्युलिप सिद्दिकले लण्डनमा कमाएको पैसा र सम्पत्तिको स्रोत राम्ररी नखुलेको हुन सक्छ", युनुसले भन्नुभयो, तर, अब उनलाई थाहा छ, उहाँले बङ्गलादेशका जनतासँग माफी माग्नुपर्छ।"

# गढीमाइ मेलामा एकैदिन १० लाखले गरे अवलोकन

**दैनिक समाचारदाता**
**बारा, २ माघ ।**

माघे सङ्क्रान्तिको विशेष अवसरमा बारामा ठूलो मेला लागेको छ । मेलामा १० लाखभन्दा बढी सहभागी भएको गढीमाई सञ्चालन तथा विकास समितिका अध्यक्ष रामचन्द्र साहले जानकारी दिएका छन् ।

यस वर्ष गत मङ्सिर २४ गते बली चढाउने साइत जुटेपनि आर्थिक अभावले बली चढाउन नसक्नेले मंगलबार बलि चढाएको मन्दिरका मुख्य पुजारी मङ्गल चौधरीले बताए । "श्रद्धालुले बोकाको बली दिनुभएको छ भने केहीले परेवा उडाएर भाखल पूरा गर्नुभएको छ", उनले भने ।

मेला मूल व्यवस्थापन समितिका महासचिव वीरेन्द्र यादवले नेपाललगायत भारतको विभिन्न ठाउँबाट आएका भक्तजन मेलामा सहभागी भएको बताए । भारतबाट आउने भक्तजनका लागि गढीमाई मन्दिरसम्म आउने नाका रक्सौल, मटियर्वा सिम्रौनगढ, गौरबाट हलुका सवारीसाधनलाई बिना शुल्क इन्ट्री गरेर मात्र सहज रुपमा मन्दिरसम्म आउने वातावरण मिलाएको थियो ।

# "अति सर्वत्र बर्ज्यते"

**सतिश कुमार**
**राजविराज, २ माघ ।**

यस वर्ष सम्पन्न नेपाल प्रिमियर लिग (एनपीएल) को पहिलो संस्करण लाई जनकपुर बोल्ट्सले जीती पहिलो पटक मै विजेता बन्न सफल भएको छ ।

जनकपुर बोल्टसक खेलाड़ीहरुले प्रतियोगितामा शुरु देखी नै आफ्नो उत्कृष्ट प्रदर्शन गर्ने क्रम फाइनल सम्म जारी राखे। आफ्नो प्रदर्शन लाई स्थिरता दिंदै लिग चरण मै समूह विजेता रही प्रतियोगिताको अन्तिम चरणमा प्रवेश गरेका थिए । अनवरत रुपमा आफ्नो प्रदर्शन स्थिर राख्न सफल बोल्टसका खेलाडीहरुले प्रतियोगिता जित्ने क्रममा खेलको विचमा कहिले उत्साहवर्द्धक त कहिले हतोत्साही टिप्पणीहरु सुन्नु परेको थियो । त्यो स्वाभाविक पनि हो । पक्षका समर्थकले उत्साही र विपक्षी समर्थकले हतोत्साही टिप्पणी गर्छन नै तर बोल्टर्सले उत्कृष्ट प्रदर्शन गर्दै गर्दा उसको मनोबल गिराउन टिमको भुगोल र संस्कृतिको आधारमा जुन टिप्पणी गरियो त्यसले एक वर्गमा रहेको साम्प्रदायिक सोच र त्यस वर्गमा अर्को समुदाय प्रतिको घृणात्मक सोचलाई प्रदर्शित गरेको छ ।

खसवादी सोच, एउटै भाषा र भेषक पृष्टपोषकहरुको चिन्तन र सोचलाई नेपालको भूमिमा फेरी एक पटक उदाङ्गो पारिदिएको छ । नेपाल हुन त विविध भाषा भाषी र समुदायलाई प्रतिनिधित्व गर्ने देश हो भनिन्छ तर यथार्थमा यहाँ दुईटा समुदाय वा वर्ग मात्र रहेको तितो यथार्थ छ । अग्रजाति, पिछड़ा जाति, दलित, अल्पसंख्यक. मधेशी, मुस्लिम, थारू, खस आर्य, जनजाति आडि अनेक नामि उपनामको समुदाय यहां रहेको भनिए पनि खासमा यस देशमा पहाड़ी र मधेशी दुई वर्ग सम्प्रदायका व्यक्तिहरु मात्र यहाँ रहेका छन ।

माथि उल्लेखित जात जातिका सबै थर र समूहका व्यक्तिहरु यही दुई वर्ग वा सम्प्रदायमा समेटिएका छन् । वास्तवमा यही दुई वर्ग रहेको नेपालमा इतिहास कालदेखि नै एक वर्ग शासनमा रहेको र अर्को वर्ग शाषित र पीड़ित रहेका छन् । पुरातनकालका मल्ल काल, लिच्छिवी काल होस, २०० वर्षको शाहवंशी राज्य होस वा १०४ वर्षको राणाकाल तथा साढ़े तिन दशकको प्रजातान्त्रिक लोकतान्त्रिक काल होस अझै पनि कथित पहाड़ी समुदाय वा खसवासी वर्गका नागरिकहरुको मन मस्तिष्कमा आफूले शासन गरेका काल जिवितै रहेको छ । उनीहरुले अझै पनि मधेशका वासीहरु आफू सरह नै समान छन, यही देशका नागरिक छन भन्ने देशको वर्तमान संविधानले निर्देशित गरेको समानताको सिद्धान्तलाई स्वीकार गर्न सकेको छैन । परिणाम २०६२ सालमा मधेशीहरुको मनमा बर्षौंदेखि गुम्सिएर रहेको कुण्ठा मधेश आन्दोलनको रूपमा प्रस्फुटित भए पनि त्यसले सामान्य पहाड़ी मानसिकतामा परिवर्तन ल्याउन सकेको छैन जुन तथ्य एनपीएलको विजेता बन्दै गर्दा जनकपुर बोल्टसका खेलाड़ीले "धोती" शब्दका टिप्पणीले देखाएको छ ।

कतै कतै सार्वजनिक रूपमा सेलाएर गएको मधेशी प्रतिको पहाड़ीको मनोभाव एनपीएलको खेल दौरान पुन उजागर भएको छ । तर यति हुँदै गर्दा पनि मधेशी समुदायले यस भवि प्रति आफैमा अझै कुण्ठा पालि राख्नु पर्ने आवश्यकता छैन । पहाड़ी मनोवृतिका केही उच्छृङ्खल तत्वहरुले "धोती" भनी आफ्नो प्रकट गरेको कुत्सित मनोवृतिलाई मधेशी वर्गले पनि आफूलाई "धोती" "धोती" भनि धेरै भनिरहँदा त्यसले पहाड़ी वर्गलाई गिज्याई राख्ने आवश्यकता छैन ।

कसैको गलत प्रवृति र अभिव्यक्तिको एक पटक विरोध गर्नु पर्छ, गर्नै पर्छ आवश्यक पनि छ । तर यसरी विरोध गरि रहँदा एउटै विरोधका स्वर पटक पटक प्रकट गर्नाले त्यसले अर्को विकृति पनि निम्त्याउने हुन्छ यस प्रति हामी सचेत हुनु आवश्यक छ ।

जनकपुर बोल्टसले एनपीएल जित्दा पहाडी वर्गले "धोतीले जित्यो" भन्नु निश्चय पनि मधेशी प्रतिको कुत्सित र नकारात्मक अभिव्यक्ति हो भने त्यसको प्रति उत्तरमा मधेशीवर्गले पनि "धोतीले जित्यो" भन्नु गर्वको अभिव्यक्ति नभएर पहाड़ी सोचको विरुद्धको अभिव्यक्ति हुन गएको छ । आज जनकपुर बोल्टस लाई हौस्याउन होस वा बधाई दिन होस त्यसमा पटक पटक "धोती" शब्दको प्रयोग गरिनुले साम्प्रदायिक सौहार्दको बातावरणलाई निश्चित खलबलाउने छ, यस प्रति हामी सबै सचेत हुनु आवश्यक छ । हामी सबैले यस्ता टिप्पणी पटक पटक गरिरहनुले देशमा नसोचिएको स्थिति निम्त्याउने छ। भनिएको पनि छ "अति सर्वत्र बर्ज्यते" तसर्थ हामी सबै सचेत नागरिकहरुको यो दायित्व पनि हो कि हामीले "धोती" "धोती" भनी हरेक क्षणमा टिप्पणी गर्दै हिंडने चाहे मधेशी होस वा पहाडी वर्गको व्यक्ति होस तिनीहरुको यस्तो व्यवहारलाई उच्छृङ्खलताको श्रेणीमा राखी उनीहरुलाई त्यस्तो गर्नबाट रोक्नु पर्दछ । अन्तमा पुनः स्मरण गराउन चाहन्छु "अति सर्वत्र बर्ज्यते" !

### सबै प्रदेशमा ...

प्रयोग गरिने उहाँको भनाइ थियो ।

जाजरकोटलगायत भूकम्पबाट प्रभावित नागरिकका लागि अस्थायी आवास बनाउन रु ५० हजार सहयोग गर्ने अस्थायी निर्माणसम्वन्धी मापदण्ड मन्त्रीपरिषद्बाट स्वीकृत भई लागू भइसककेको गृहमन्त्री लेखकले जानकारी दिनुभयो । "स्थायी आवास निर्माणसम्बन्धी कार्यविधि कार्य समितिको बैठकबाट पारित भइसकेको छ", उहाँले भन्नुभयो, "जाजरकोट भूकम्पबाट भएको क्षतिको आँकलन यसै महिनादेखि प्रारम्भ गरिनेछ ।"

# पाँच महिनामा एक हजार बढी आगलागीका घटना, १६ जनाको मृत्यु

काठमाडौं, २ माघ (रासस) ।

पाँच महिनामा देशका विभिन्न जिल्लामा एक हजार एक सय १६ वटा आगलागीका घटना भएका छन् । ती घटनामा १६ जनाको मृत्यु भएको छ ।

नेपाल प्रहरीका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक विश्वराज अधिकारीले ती आगलागीका घटनाबाट एक सय ४५ जना घाइते भएका जानकारी दिनुभयो । उहाँका अनुसार आगालागीबाट एक सय ९० घर, एक सय ३० गोठ, एउटा सरकारी कार्यालय र चार सय ५५ पशुचौपायको क्षति भएको छ ।

आगालागी नियन्त्रणका लागि आठ हजारभन्दा बढी प्रहरी परिचालन गरिएको थियो । आगलगीबाट करिब रु ५० करोड बराबर क्षति भएको प्रवक्ता अधिकारीले बताउँदै २९ परिवार विस्थापित भएका जानकारी दिनुभयो ।

सबैभन्दा बढी कोशी प्रदेशमा तीन सय ३१ स्थानमा आगलागी भएका छन् । प्रहरीले मङ्गलबार सार्वजनिक गरेको विवरणअनुसार मधेश प्रदेशमा दुई सय ६९, बागमतीमा ७०, काठमाडौं उपत्यकामा एक सय ४०, गण्डकी प्रदेशमा ८१, लुम्बिनीमा एक सय १४, कर्णालीमा ५१ र सुदूरपश्चिम प्रदेशमा ६० वटा आगलागीका घटना भएका छन् ।

दैनिक रूपमा आगलागीका घटना भइरहेका भन्दै हिजो मात्रै देशभरका १९ ठाउँमा आगलागी भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । ती आगलागीबाट दुई जना घाइते भएका प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले जानकारी दिनुभयो ।

दैनिक आगलागीका घटना भइरहेकाले आगो, विद्युत् तथा ग्यासका सामग्री प्रयोग गर्दा विशेष सावधानी अपनाउन प्राधिकरणले सबैमा अनुरोध गरेको छ । विद्युत् सर्ट, ग्यास चुहिएर र जाडोमा आगो ताप्दा असावधानीलगायत कारणले आगलागीका घटना बढिरहेका प्रवक्ता भट्टराईले बताउनुभयो ।

# तत्काल संसद् अधिवेशन आह्वानको माग

काठमाडौं, २ माघ (रासस) ।

प्रतिपक्षी राजनीतिक दलका नेताले तत्काल संसद् अधिवेशन आह्वान गर्न माग गरेका छन् ।

नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) संसदीय दलको कार्यालयमा बुधबार भएको विपक्षी दलहरूको बैठकले जनसरोकारका विषय र कानुनका निर्माणबारे छलफल गर्न तत्काल संसद् अधिवेशन आह्वानको माग गरेको हो ।

"जनप्रतिनिधिको संस्थालाई छलेर सरकारले यसरी नै काम अघि बढाइरह्यो भने संसद्को विशेष अधिवेशनसमेत बोलाउन प्रयास हाम्रो समझदारी बनेको छ", माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले बैठकपछि भन्नुभयो ।

संविधानअनुसार संसद् अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रतिनिधिसभाको सम्पूर्ण सङ्ख्याको एकचौथाइ सदस्यले लिखित अनुरोध गरेमा राष्ट्रपतिले बैठक आह्वान गर्न सक्ने व्यवस्था छर । विशेष अधिवेशन आह्वानको प्रस्ताव राष्टपतिसमक्ष प्रस्तुत गर्न कम्तीमा ६९ सदस्यको हस्ताक्षर आवश्यक हुन्छ ।

बैठकमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधव नेपाल, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का कार्यवाहक अध्यक्ष डिपी अर्याल, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल आम आदमी पार्टीलगायत पार्टीका नेताहरू सहभागी हुनुहुन्थ्यो ।

दर्ता नं. ११/०६८/०६९

## जनज्योति कृषि सहकारी संस्था लिमिटेड

**मुख्य कार्यालय मलेठ-९ , सप्तरी**

मिती :२०८१|१०|०३

## ऋण बुझाउने आउने बारे ३५ दिने सार्वजनिक सुचना

यस जन ज्योति कृषि सहकारी संस्थालि. राजविराज ९ मलेठ सप्तरीबाट विभिन्न मिति तथा उदेश्यमा ऋण लिएको तपसिलका ऋणी सदस्यहरुले भाखा म्याद भित्र ऋण रकमको साँवा, सो साँवाको लाग्ने ब्याज तथा हर्जना रकम नबुझाएकोले निजहरुलाई पटक पटक मौखिक तथा लिखित तागेदा पत्राचार गरिसकिएको, तत्पश्चात पनि ऋण नबुझाई अटेरी गरेको हुंदा निजहरुलाई ऋण बुझाउन आउने भनी ३५ दिने सार्वजनिक सुचना जारी गरिएको छ । उक्त समय भित्र ऋण बुझाउन हुन सुचित गरिन्छ। सो नआएमा सहकारी ऐन २०७४ को दफा ७९, ८३, सहकारी नियमावली २०७५ को दफा ३० र संस्थाको बिनियम २०६८ बमोजिम निजहरुले लेखि दिएको धितो जमानत लिलाम बिक्री गरी असुल उपर गरिने ब्योहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम, थर | ठेगाना | बुवा/पति | बाजे/ससुरा | मंजुरीनामा दिने | ऋणको उदेश्य |
|---|---|---|---|---|---|---|
| १ | देब कुमार चौधरी | रुपनी १ | रामनाथ चौधरी | बेतिलाल चौधरी | आवा कुमारी चौधरी | ब्यापार कर्जा |
| २ | आवा कुमारी चौधरी | रुपनी १ | देब कुमार चौधरी | रामनाथ चौधरी | देब कुमार चौधरी | ब्यापर कर्जा |
| ३ | दिलिप कुमार कर्ण | रुपनी ५ | हरिलाल दास | देब नन्दनलाल दास | अर्चना कर्ण | ब्यापार कर्जा |
| ४ | पवन कुमार कर्ण | शम्भुनाथ १ | राजनारायण कर्ण | उत्तिमलाल कर्ण | सुधिरा कुमारी कर्ण | ब्यापार कर्जा |
| ५ | राम प्रसाद मुखिया | राजगढ १ | बच्चा मुखिया | अमृत मुखिया | उपेन्द्र मुखिया | कृषि कर्जा |
| ६ | सुगनी देबी | राजबिराज ९ | बिजय मुखिया | रामजी मुखिया | बिजय मुखिया | ब्यापार कर्जा |
| ७ | मो. हुसैन | राजबिराज ९ | नथु मियाँ | मो.बुद्ध मियाँ | जैमिला खातुन | ब्यापार कर्जा |


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*